## बाह्रौ नगर कार्यपालिकाको बैठक

## मितिः २०७९/११/१८ गते विहीबार

<u>छलफलका प्रस्तावहरुः-</u>

१. हालसम्मको बजेट समिक्षा सम्बन्धमा ।

२. सातौ नगरसभा संचालन सम्बन्धमा ।

३. करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा करार म्याद थप सम्बन्धमा ।

४. शमसान घाट व्यवस्थापन तथा सेनिटरी पार्क निर्माण सम्बन्धमा ।

५. स्वास्थ्य तालिम केन्द्र पथलैयाको उत्तरतर्फको भवनसहितको संरचना व्यवस्थापन र प्रयोग सम्बन्धमा ।

६. आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

७.नदिजन्य पदार्थहरुको उत्खनन, संकलन र घाटगद्दिको सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

८. कार्यपालिकाको विषयगत समिति गठन सम्बन्धमा।

<u>सम्वत् २०७९ साल फागुन १८ गते विहीबार बसेको बाह्रौ कार्यपालिकाको बैठकका निर्णयहरुः-</u>

<u>निर्णय नं-१</u>

चालु आ.व.२०७९/०८०का लागि प्रक्षेपित आन्तरिक आय संकलन र बजेट कार्यन्यनको हालसम्मको वास्तविक अवस्था निराशाजनक रहेकोले प्रक्षेपित राजश्व संकलन र योजना कार्यान्यिनका लागि थप पहल गर्ने निर्णय गरियो ।

<u>निर्णय नं-२</u>

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९(१) बमोजिम  सातौं नगरसभा संचालनका लागि निम्नानुसारको कार्यतालिका तय गर्ने ।

क. वडाले कार्यान्वयन हुन नसक्ने योजना तथा कार्यक्रम गरि २०७९/११/३० सम्म पालिकामा पठाउने ।

ख. विषयगत शाखाहरुले कार्यान्वयन हुन नसक्ने योजना तथा कार्यक्रम संशोधन गरी पठाउने २०७९/११/३० सम्ममा ।

ग. कार्यपालिकाको बैठक -२०७९/१२/०६ मा

घ. नगरसभा संचालन-२०७९चैत्र १० गते

राजन पौडेल
नगर प्रमुख

निर्णय नं-३

जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गतका विभिन्न महाशाखा/शाखा/वडा कार्यालय/स्वास्थ्य संस्थाहरूमा विगत देखि कार्यरत उमेर हद ननाघेका करार सेवाका कर्मचारीहरूको सेवा करारको म्याद २०७९ चैत्र मसान्त सम्मका लागि थप गर्ने र हाल वडा समितिको निर्णयानुसार दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूको आगामि नगर सभाबाट श्रोत सुनिश्चितता हुने गरी हाल करारका कर्मचारीहरूको पारिश्रमिकका लागि छुट्याइएको खर्च शिर्षकबाट पारिश्रमिक भुक्तानि दिने ।

निर्णय नं-४

सेनिटरी पार्क निर्माणका लागि स्थान छनौट सम्बन्धि विषय आगामि कार्यपालिका बैठकमा पुनः छलफलका लागि पेश गर्ने ।

निर्णय नं-५

जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र पर्ने चुरियामाई मन्दिर देखि निजगढ नगरपालिकाको सिमानासम्मको पुर्व-पश्चिम राजमार्ग खण्डमा दैनिक जसो सवारी दुर्घटना हुने गरेको सन्दर्भमा पालिकाको तर्फबाट विपद् जोखिम न्युनिकरणका लागि अत्यावश्यक सेवाका सवारी साधनहरु (बारुणयन्त्र, एम्बुलेन्स) र स्वास्थ्यकर्मी सहितको Rapid Response Team पथलैया क्षेत्रमा राख्नुपर्ने आवश्यकता रहेको र सो स्थानमा हाल पालिका मातहतको भवनसहितको संरचना नभएको सन्दर्भमा प्रदेश सरकार मातहतको स्वास्थ्य तालिम केन्द्र,पथलैयाको उत्तरतर्फको पुरानो भवन सहितको भौतिक संरचना मर्मत सम्भार गरि अत्यावश्यक सेवा संचालनका लागि उपयोग गर्नसके सवारी दुर्घटना लगायतका विपद्जन्य घटनाबाट हुने मानविय क्षति न्यूनिकरणमा सहयोग पुग्ने भएकोले सो संरचनाहरु मर्मत र उपयोगका लागि यस उपमहानगरपालिकालाई ताहाँ निकायलाई आवश्यक परेका बखत फिर्ता हुनेगरि हस्तान्तरणका लागि आवश्यक पहल गरिदिनुहुन जिल्ला विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने ।

निर्णय नं-६

यस उपमहानगरपालिकाको आवधिक योजना भित्रका तपसिलका आयोजनाहरु स्थानीय तहबाट बेहोरिने देहायको लागत साझेदारीको प्रतिवद्धता सहित विभिन्न निकायमा आयोजनाहरुको माग प्रस्तावका लागि आगामि कार्यपालिका बैठकमा पेश गर्ने ।

निर्णय नं-७

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क र जीततपुरसिमरा उपमहानगरपालिकाको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टि, वालुवा तथा माटो) उत्खनन, संकलन र बिक्रिबितरण सम्बन्धि कार्यविधि २०७९ को दफा ४ख को उपदफा २ मा घटाघटको ठेक्का आह्वान गर्न सक्ने व्यवस्था र मिति २०७९/११/१७ को राजश्व परामर्श समितिको वैठकको निर्णय अनुसार आ.व. २०७८/७९ को मिति २०७८/०९/२२ गते बसेको ६२औं कार्यापालिकाको निर्णय नं. १ मा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेखित स्थानहरुबाट प्राविधिक लागत अनुमान बमोजिम तपसिलमा उल्लेखित परिमाण र दर बमोजिम नदिजन्य पदार्थ उत्खनन गरी नगरपालिकाले तोकेको घाटगद्दी स्थलमा तोकिएको

मार्ग प्रयोग गरी नदिजन्य पदार्थहरुको उत्खनन, संकलन र घाटगद्दिका लागि ३० दिने विधुतिय वोलपत्रको माध्यम बाट घटाघटको ठेक्का सूचना प्रकाशन गर्ने निर्णय गरियो ।साथै, मिति २०७९ फागुन १७ गतेको राजस्व परामर्श समितिको बैठकको निर्णयहरुलाई अनुमोदन गरियो ।

| ठेक्का नं. | ठेक्काको विवरण | नदिको नाम | न्युनतम उत्खनन गर्नुपर्ने परिमाण (घन फि) | औसत दुरी कि. मि (नदिबाट घाटगद्धि स्थल सम्मको) | अनुमानित उत्खनन तथा संकलन दर(प्रति घन फिट) | अधिकतम कवोल रकम मु.अ.क. बाहेक | धरौटि रकम (रु) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | दुधौरा , वालगंगा र पसाहा नदिबाट स्विकृतIEE प्रतिवेदनमा उल्लेखित परिमाणमा नदिजन्य पदार्थ उत्खनन, संकलन र घाटगद्दि गर्ने | दुधौरा | १०,५९,६००.०० | २.०० | रु.३.४४ | ३६,४५,०२४.०० | कवोल अंकको ३ % | रु.३००० |
| २ | | बालगंगा | १०,५९,६००.०० | १.६० | रु.३.३१ | ३५,०७,२७६.०० | कवोल अंकको ३ % | रु.३००० |
| ३ | | पसाहा | १०,५९,६००.०० | १.५९ | रु.३.३१ | ३५,०७,२७६.०० | कवोल अंकको ३ % | रु.३००० |

**निर्णय नं-८**

स्थानीय सरकार संचालन ऐन,२०७४ तथा जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७५ नियम १५.को (उपनियम (क),(ख);(ग) बाहेकका) कार्यपालिकाको समितिहरुको गठन सम्बन्धमा आगामि कार्यपालिका बैठकमा छलफल गर्ने ।

राजेश पौडेल
नगर प्रमुख